# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० जेठ १९ गते

## कमलरीहरूको न्यायोचित माग पूरा गर

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' मा आवद्ध अभियन्ताहरू र प्रहरीबीच सिंहदरबारको निषेधित क्षेत्रमा भएको झडप र त्यसबाट उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ।

घटनाका क्रममा प्रहरी नियन्त्रणमा रहेकाहरूलाई तत्काल रिहा गर्न, घाइतेहरूको उपचारको व्यवस्था मिलाउन, कमलरीहरूको न्यायोचित मागलाई संवादको माध्यमबाट तत्काल सम्बोधन गर्न एवम् प्रदर्शन स्थलमा गर्न महिला प्रहरीको बृद्धि गर्न आयोग सरकारसँग आग्रह गर्दछ।

आयोगले सो घटनाको सम्बन्धमा अनुगमन गरेको छ। अनुगमनको क्रममा वीर अस्पताल, अन्नपूर्ण न्यूरो अस्पताल र महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा पुगेर अनुगमन टोलीले घटनाबारे जानकारी लिएको छ।

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' को एक प्रतिनिधि मण्डलले कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्य हुनुपर्ने माग राख्दै राष्ट्रिय मानव अधिकार आयोगमा २०७० वैशाख १७ गते ज्ञापनपत्र बुझाएको थियो।

सो समितिको मागलाई ध्यानमा राख्दै आयोगले दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी पाँच जिल्लामा विशेष अनुसन्धान टोली खटाइसकेको छ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org